# जुगल गाउँपालिका
# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड :– ५ | संख्या :– ७ | कार्यपालिकाबाट स्वीकृत मिति :– २०७९ असोज ३१ |

भाग :- २(घ)

## सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

# सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना :** नेपालको संविधान २०७२ मा स्वास्थ्यलाई मौलिक अधिकारको रुपमा प्रत्याभूति, निःशुल्क स्वास्थ्य सेवानीति, आमा सुरक्षा कार्यक्रम र नेपाल स्वास्थ्य कार्यक्रम-२ आदि नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले स्वास्थ्य सेवा पहुँचमा हुने व्यवधानहरु निराकरण गर्न अख्तियार गरेका केही महत्वपूर्ण कदमहरु हुन्  पहुँच बाहिर रहेका समूहमा स्वास्थ्य सेवा पुऱ्याउन र सर्वव्यापक स्वास्थ्य उपलब्धता हासिल गर्नका लागि जुगल गाउँपालिका भित्र लागू हुने गरी यो कार्यविधि जारी गरिएको छ ।

**१. संक्षिप्त नाम :** यो कार्यविधिको नाम ‘सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९’ रहेको छ ।

**२. प्रारम्भ :** यो कार्यविधि जुगल गाउँपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**३. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **“कार्यविधि”** भन्नाले सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ सम्झनु पर्छ ।

(ख) **“स्वास्थ्य इकाई”** भन्नाले जुगल गाउँपालिकामा स्थापना भएका सामुदायिक स्वास्थ्य इकाई सम्झनु पर्छ ।

**४. व्यवस्थापन तथा सञ्चालन :** (१) स्वास्थ्य इकाईबाट गुणस्तरीय स्वास्थ्य प्रवाह गर्न आवश्यक औषधि तथा सर्जिकल सामाग्रीहरु, कर्मचारीहरुका लागि आवश्यक सम्पूर्ण बजेट जुगल गाउँपालिकाले व्यवस्था गर्नेछ ।

(२) आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्दा कम्तीमा देहाय बमोजिमका स्वास्थ्य सेवाको समुचित व्यवस्था हुनेछ ।

- परिवार नियोजन
- गर्भवती तथा शिशु जाँच
- नवजात शिशु सेवा

- पोषण
- मानसिक स्वास्थ्य
- नसर्ने रोगहरुको परामर्श तथा स्क्रिनिंग
- औषधी वितरण
- स्वास्थ्य प्रवर्द्धन
- सामान्य उपचार

(३) आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक जनशक्ति जुगल गाउँपालिका गाउँ कार्यपालिकाको स्वीकृत ओ.एन.एम. लाई आधार मानी देहाय बमोजिमका कर्मचारीहरुको अस्थायी दरबन्दी लागु हुनेछ र सबैलाई मौजुदा करार ऐन/नियमावली/निर्देशिका बमोजिम कामकाजमा लगाइने छ ।

| **क्र.सं.** | **पद** | **तह** | **सेवा** | **संख्या** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | अ.हे.व. | चौथो | हे.ई. | १ | |
| ३. | अ.न.मी. | चौथो | क.न. | १ | |
| ४. | कार्यालय सहयोगी | श्रेणीविहिन | | १ | |
| | **जम्मा संख्या** | | | **३** | |

(४) स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन समिति देहाय बमोजिम ७ सदस्यीय हुनेछ।

| | | |
|---|---|---|
| | गाउँपालिका अध्यक्ष | संरक्षक |
| **१** | गाउँपालिकाभित्र पर्ने सामुदायिक स्वास्थ्य इकाई अवस्थित वडा अध्यक्ष | अध्यक्ष |
| **२** | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट एक जना | उपाध्यक्ष |
| **३** | सामुदायिक स्वास्थ्य इकाई रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य मध्येबाट एक जना महिला | सदस्य |
| **४** | स्थानीय व्यापार संघको प्रतिनिधि एक जना | सदस्य |

| | | |
|---|---|---|
| ५ | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना | सदस्य |
| ६ | वडा कार्यालयका सचिव | सदस्य |
| ७ | सामुदायिक स्वास्थ्य इकाई प्रमुख | सदस्य सचिव |

**५. निर्देशन, परिचालन तथा समन्वय :** स्वास्थ्य इकाई गाउँपालिकाको सामुदायिक स्वास्थ्य चौकी मातहत रहने छ र कर्मचारीहरुको परिचालन, आवश्यक निर्देशन, अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य जुगल गाउँपालिका कार्यालयले गर्नेछ। गाउँपालिका कार्यालयबाट अनिवार्य रुपमा अनुमति लिई स्वास्थ्य इकाईले आफ्नो वडाका स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्र, वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य तर्फका सहयोगी संघ संस्थासंग समन्वय गरि स्वास्थ्य सम्बन्धी क्रियाकलापहरु गर्न सक्नेछ।

**६. तथ्यांक अद्यावधिक तथा प्रतिवेदन :** सो स्वास्थ्य इकाईले प्रत्येक महिना स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली र आपूर्ती व्यवस्थापन सूचना प्रणलीमा तथ्यांक अद्यावधिक गरी मासिक प्रतिवेदन अनिवार्य रुपमा गर्नुपर्नेछ र सो प्रणालीमा उल्लेख भएका क्रियाकलाप बाहेकका हरेक स्वास्थ्य सम्बन्धि क्रियाकलापहरुको प्रतिवेदन अनिवार्य रुपमा आफ्नो वडामा रहेको स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्र र जुगल गाउँपालिका कार्यालयलाई बुझाउनु पर्नेछ।

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**